
अगाडिको आवरण पृष्ठ


# डोमाको  कुखुरा




लेखकः मथुरा अधिकारी

तह ६, कक्षा २

नेपाली



डोमाको घर मुगु जलिाँलामा छ। उनको घरबाट हिमाल देखिन्छ। घाम लाग्दा हिमाल टलक्क टल्कन्छि। उनको एउटा कुखुरा छ। कुखुराको नाम तरिके हो।



उनको एकजना दाइ हुनुहुन्छ।

दाइको नाम छरिङि हो। छरिङिले डोमालाई नर्कै माया गर्नहुन्छ। दुवैजना दाजु बहिनी सँगै स्कुल जान्छन्।


उनीहरू बौद्ध धर्म मान्छन्।

ल्होसार, बुद्ध जयन्ती मनाउँछन्।

एकदिन उनीहरूको गाउँमा सहरबाट मान्छेहरू आए।




स्कुल छुट्टी भएपछि, तरिकेसँगै घुम्न जान्छन्। उनीहरूको घरमाथि एउटा गुम्बा छ। गुम्बा जाने बाटो अलि उकालो छ।



उनीहरू गाँउ घुम्न आएका थिए। छरिङिले उनीहरूलाई गाउँ घुम्न मद्दत गरे।

उनीहरूले रारा ताल घुम्ने रहर गरे। छरिङिले राराताल घुम्न मद्दत गरे।





ती मान्छेहरू बाल संस्थाबाट आएका थिए। छरिङ्को सहयोगी बानी उनीहरूलाई मन पर्‍यो। छरिङ्देखि उनीहरू निकै खुसी भए।





उनीहरूले छरिङिलाई सहर लैजान खोजे। बाबाआमाले छरिङिलाई सहर पठाउनु भयो
।

छरिङि ठुलो मान्छे बन्न सहर गए।

डोमा एक्लै भइन्। उसको साथी तरि्के मात्रै भयो। तरि्केले डोमालाई कहलि पनि छोडेन। तरि्के सधैँ डोमासँगै हिँड्न लाग्यो।






एकदनि गाँउमा ठुलो भोज हुने भयो। गाउँमा टाढा टाढाबाट मानसिहरू आए। कोही त काठमाण्डौंबाट पनि आएका रहेछन्।



गाउँलेहरूले डोमाको बुबाआमासँग कुखुरालाई काट्न भने। कुखुरा काटेर भोज खाने निर्णय गरे। यो सुनेर डोमालाई दुःख लाग्यो।





त्यो कुराले डोमा डराइन् पनि। भोलपिल्ट बहिनै सबेरै डोमा उठनि्। तर्किलाई एउटा कपडामा बेरनि्। त्यसलाई काखमिा च्यापेर डोमा घरबाट नसि्कनि्।



तरि्केलाई लएिर उनी घरमाथकिो गुम्बामा पुगनि्। डोमा र तरि्के दनिभर त्यहीँ बसे। उनी तरि्केलाई धेरै माया गर्थनि्। गाउँबाट खोज्दै आउलान भन्ने डर थयिो।



घरका मान्छे उनलाई खोज्दै गुम्बामा आइपुगे। पहिला त उनी डराइन्। डोमा कुखुरालाई काखमा च्यापेर बसरिहेकी थइन्। उनले रूँदै भननि्, तरि्केलाई केही पनि नगर्नुहोस्।



तरि्के मेरो दाइको कुखुरा हो। दाइ नआएसम्म यो मेरो जमि्मा हो। उनको कुरा सुनेर सबैजनाको आखाँ रसाए। कुखुरा नकाट्ने सल्‍लाह भयो। डोमालाई लएिर सबैजना त्यहाँबाट घर फर्के।

शीर्षक पृष्ठ

डोमाको  कुखुरा

Images on pages Front Cover, १, ४, १०, १२, १३ by © 2019 Curriculum Development Center of Nepal.

Images on pages २, ३, ५, ६, ७, ८, ९, ११, १४ by International Illustrations: The Art Of Reading 3.0, © 2009 SIL International. CC-BY-ND 3.0.

तहगत, तह ६

This book has been developed under the Enabling Writers Project with the support of the Curriculum Development Centre-Ministry of Education, Science and Technology Nepal, Language Commission- Government of Nepal, Samunnat Nepal and World Education.

नेपालीNepal

श्रेय पृष्ठCopyright © 2019, Enabling Writers Project - World Education-Nepal

http://creativecommons.org/licenses/by/4.0/तपाईंले यस रचनालाई व्यापारकि प्रयोजनका लागि प्रयोग गर्न पाउनुहुन्छ। तपाईंले यस रचनालाई समायोज गर्न वा यसमा आफ्नो तर्फबाट थपथाप गर्न पाउनुहुन्छ। तपाईंले लेखक, चत्रिकार, इत्यादको प्रतलिपि अधकिार सूचना र नाम राख्नुपर्छ।

अगाडिको आवरण पृष्ठको भित्रिपट्टी

यस पुस्तकको बारेमा: नेपाली भाषामा तयार गरिएको यो पुस्तक कक्षा २ मा अध्ययनरत भाइबहिनीहरूका लागि हो। यो पुस्तक देवनागरी लिपिका सबै वर्ण र मात्रा सिकिसकेका बालबालिकाको स्वतन्त्र पठनका लागि तयार पारिएको हो। पढाइ सीपको विकास गर्नका लागि यस पुस्तकलाई शिक्षकले नयाँ शब्द सिकाउन, नमुना पठन गर्न र बोध शिक्षणका लागि प्रयोग गर्न सक्नेछन्।

The End